<u>नियुक्त अधिकारी/व्यवस्थापन समूह/व्यक्तिको सूची कायम गर्ने सम्बन्धी</u>

<u>सूचना</u>

(प्रथम पथक प्रकाशित मितिः २०७१/०४/०२)

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु आफ्नो कारोवारको क्रममा समस्याग्रस्त हुन गई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५४ बमोजिम व्यवस्थापन यस बैंकबाट नियन्त्रणमा लिएपछि त्यस्तो बैंक वा वित्तीय संस्थाको संकट व्यवस्थापन तथा निकास (Crisis Management & Resolution) को लागि उपयुक्त व्यक्ति/फर्म/कम्पनी/समूह मार्फत व्यवस्थापन सञ्चालन गर्ने प्रयोजनका लागि देहायको योग्यता तथा अनुभव भएका व्यक्तिहरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र आवश्यक कागजातहरु संलग्न गरी यस बैंकको समस्याग्रस्त संस्था रिजोलुसन महाशाखामा अनुसूची-१ बमोजिम निवेदन दिनहुन सूचित गरिन्छ । साथै, त्यस्ता संस्थाको व्यवस्थापन गर्न यस बैंकले कुनै व्यक्ति/फर्म/कम्पनी/समूह नियुक्त गर्नु परेमा देहायका आधारमा छनौट गरी नियुक्ति गरिने व्यहोरा समेत सूचित गरिन्छ । (यो सूचना तथा सम्बन्धित अनुसूची यस बैंकको वेभसाइटबाट समेत हेर्न सकिनेछ ।)

**<u>सूचीकरणका लागि योग्यता तथा अनुभवः</u>**

**(१) <u>"क" वर्गको हकमाः</u>**

(क) व्यवस्थापन, बैकिंङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यापार प्रशासन वा वाणिज्य कानून विषयमा कम्तिमा स्नातकोत्तर उपाधी वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको,

(ख) यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गरेको वा व्यवस्थापकीय तह/विभागीय प्रमुख वा सोभन्दा माथिको पदमा कम्तिमा पाँच वर्षको अनुभव भएको, वा
विगत दश वर्षदेखि लेखापरीक्षकको रुपमा कार्य गरी "क" वर्गको वाणिज्य बैंक वा राष्ट्रियस्तरको "ख" वर्गको विकास बैंकको कुनै एक वा सबैको गरी कम्तिमा दश पटक बाह्य लेखापरीक्षकको रुपमा कार्य गरेको अनुभव भएको ।

**(२) <u>"ख/ग/घ" वर्गको हकमाः</u>**

(क) व्यवस्थापन, बैकिंङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यापार प्रशासन वा वाणिज्य कानून विषयमा कम्तिमा स्नातकोपाधी वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको,

(ख) बैंक तथा वित्तीय क्षेत्रमा द्धितीय श्रेणी अधिकृत वा व्यवस्थापकीय तह/विभागीय प्रमुख वा सोभन्दा माथिको पदमा कार्य गरेको वा यस बैंकवाट इजाजतपत्रप्राप्त वित्तीय संस्थामा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्य गरेको वा सो भन्दा एक तह मुनिको पदमा कम्तिमा पाँच वर्षको अनुभव भएको, वा
बैंक तथा वित्तीय क्षेत्रमा कार्य गर्ने अन्तर्राष्ट्रिय संघ/संस्थाको वरिष्ठ अधिकृत वा सोभन्दा माथिको पदमा कम्तिमा पाँच वर्षको अनुभव भएको, वा
विगत सात वर्षदेखि लेखापरीक्षकको रुपमा कार्य गरी बैंक वा वित्तीय संस्था कुनै एक वा सबैको गरी कम्तिमा पांच पटक बाह्य लेखापरीक्षकको रुपमा कार्य गरेको अनुभव भएको ।

**(३) <u>उपरोक्त (१) र (२) दुवैको हकमा देहायको अयोग्यता नरहेकोः</u>**

(क) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,

(ख) बैङ्क वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष नपुगेको,

(घ) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको,

(ङ) नेपाल राष्ट्र बैङ्कको निर्देशन पालना नगरेको कारणबाट बैङ्कले कारबाही गरेको वा व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई निलम्बन वा विघटनमा परेको मितिले पाँच वर्ष नपुगेको ।

(च) यस बैंकमा निवेदन पेश गर्ने अन्तिम मितिमा उमेर ६० वर्ष नाघेको ।

**(४)** सूचीकरणका लागि आवेदनसाथ आवेदकहरुले समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाको सुधारको हेतु ५००

शब्दमा नबढाई आफू त्यस्तो सुधार गर्न सक्षम रहेको व्यहोरा समेत उल्लेख भएको व्यवसायिक योजना पेश गर्नु पर्ने ।

**<u>सूची तयार गर्ने प्राथमिक आधारहरुः</u>**

(क) माथि उल्लिखित योग्यता तथा अनुभव हासिल गरेको,
(ख) बैङ्क वा वित्तीय संस्थामा कार्य सम्पादन गर्दा राम्रो छवी कायम गर्न सफल भएको,
(ग) विगतमा यस प्रकृतिका कार्य सम्पादन गरेको,
(घ) व्यवसायिक योजना उपयुक्त देखिएको, र
(ङ) तोकिएको अवधिभित्र निवेदन पेश गरेको ।

**<u>सूचीमा रहेका व्यक्ति/फर्म/कम्पनी/समुहलाई नियुक्तिका लागि छनौट गर्ने आधारहरुः</u>**

(१) समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाको व्यवस्थापन संचालनको लागि Terms of References (TOR) तोकी सूचीमा कायम व्यक्तिहरुबाट ७ दिनभित्र पेश गर्नु पर्ने गरी आवेदन आव्हान गर्ने वा सूचीकृत व्यक्ति/फर्म/कम्पनी/समूह लाई वार्ताद्धारा कार्य गराउने गरी यस बैंकले आवश्यक व्यवस्था मिलाउन सक्नेछ । त्यस्तो सूचीमा यस बैंकले आवश्यकतानुसार थपघट गर्न सक्नेछ ।
(२) त्यस्तो निवेदन साथ आवेदकले समस्याग्रस्त बैंक तथा वित्तीय संस्था पुनर्स्थापना सम्बन्धी समस्या पहिचान, SWOT & STEER(Socio- Cultural, Technological, Economic, Ecological and Regulatory) analysis र समस्या समाधान सम्बन्धी रणनीतिक कार्ययोजना समेत पेश गर्नु पर्नेछ ।
(३) आवेदन पेश गर्दा वित्तीय प्रस्ताव समेत पेश गर्नु पर्नेछ ।
(४) नेपाल राष्ट्र बैंकले प्राप्त आवेदनको मूल्यांकन र आवेदकको प्राथमिकता क्रम निर्धारण गरी व्यवस्थापन संचालनको जिम्मा दिने व्यक्ति/फर्म/कम्पनी/समुह छनौट गर्नेछ ।
(५) जुन व्यक्ति/फर्म/कम्पनी/समुहलाई छनौट गरिएको हो सोही व्यक्ति/समुहबाट मात्र व्यवस्थापन संचालन गरिनु पर्नेछ । अन्य कुनै तेस्रो पक्षलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गर्न/गराउन यस बैंकको स्वीकृति अनिवार्य हुनेछ ।
(६) अन्य शर्त तथा व्यवस्थाहरु यस बैंकले तोके बमोजिम हुनेछ ।

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**समस्याग्रस्त संस्था रिजोलुसन महाशाखा**